मन्थली नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मन्थली , रामेछाप

वागमती प्रदेश,नेपाल

मिति :२०७९/१०/१६

प.सं०७९/०८०

च.नं

सूचना ! सूचना !! सूचना!!!

**सूचना प्रकाशित मिति : २०७९ /१० /१६**

मन्थली नगरपालिकाको आ.व. २०७९/०८० को बजेट कार्यक्रममा बिनियोजन भएको खर्च शीर्षक अन्तर्गत **कृषि सहकारी संस्थाको अध्ययन अवलोकन भ्रमण सम्पन्न** गर्नको लागि यस नगरपालिकाले निर्धारण गरे बमोजिम देशभित्र रहेका कृषि सहकारी संस्थाले बिभिन्न कृषि उत्पादनको नमूना ठाउँहरूमा अवलोकन भ्रमण गराउने र यसवाट प्रविधि सीप बिकास गरी उत्पादनमा कृषि सहकारी संस्थाको पहुँचलाई विस्तार गर्नको लागि यस नगर भित्र क्रियाशील कृषि सहकारी संस्थाको कार्यसमितिको बैठकले निर्णय गरेको एक जना शेयर सदस्यलाई अवलोकन भ्रमणमा सहभागी गराउनको लागि निश्चित मापदण्डको आधारमा छनौट गरिने भएकोले **२०७९ फाल्गुन १ गते भित्र** निवेदन पेश गर्नुहुन सम्बन्धित सरोकारवालामा सूचित गरिन्छ ।

निवेदन पेश गर्दा संलग्न गर्नुपर्ने कागजात

१. सहकारी संस्थाको कार्यसमितिको निर्णय
२. सम्बन्धित कृषि सहकारी संस्थाको यस आर्थिक बर्षमा अध्यावधिक भएको पत्रको छाँया प्रति
३. कोपोमिसमा आवद्धता र प्रविष्टि गर्नुपर्ने विवरणको प्रगति
४. **वडाभित्र क्रियाशील रही कृषि उत्पादनको क्षेत्रमा नियमबमोजिम असल र अनुकरणीय कार्य गरिरहेको** भनि सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र
५. अवलोकन भ्रमणमा सहकारी संस्थाबाट मनोनयन भई नगरपालिकामा मनोनयनको लागि आएको शेयर सदस्यको निवेदन

पुनश्च : उल्लेखित निवेदन साथ संलग्न कागजात समेतलाई अध्ययनगरी सहकारीको गतिविधि, संस्थागत पारदर्शिता , विधिको पालना ,क्रियाशीलता समेतको आधारमा सहकारी अभियन्ता , जिल्ला सहकारी संघ , जिल्ला कृषि सहकारी संघको प्रतिनिधि र अन्य सरोकारवाला समेतको उपस्थितिमा मापदण्ड बनाई उल्लेखित मापदण्ड पुरा गरेका सहकारी संस्थाहरूको एक जना शेयर सदस्य लाई मात्र अवलोकन भ्रमणमा छनौट गरिने छ ।